# निसीखोला  गाउँपालिकाको विनियोजन ऐन, २०७५

**निसीखोलागाँउपालिकाको आर्थिक बर्ष २०७५/७६को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः२०७५।३।

**प्रस्तावनाः**.निसीखोलागाँउपालिकाको आर्थिक बर्ष २०७५/७६को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम निसीखोला गाँउपालिकाका गाँउसभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्तनामर प्रारम्भः** **(१)**यस ऐनको नाम "निसीखोला गाँउपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७५।७६को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**: (१)आर्थिकवर्ष २०७५।७६को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थापनको रकम समेत गरी जम्मा रकम रुरु.२७,३१,४६,१५७- (अठ्ठाइस करोड पच्चीस लाखछयालिस हजार एक सय सन्ताउन्न )मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाटखर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७५।७६को निमित्त निसीखोला.गाउँपालिको गाउँकार्यपालिका र वडा समिति ले गर्ने कार्यहरुको लागि विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, र वडा समिर्ति गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम

साँवा भुक्तानी खर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्चतर्फ बिनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाटसो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

संघिय सरकार एवं प्रदेश सरकारवाट प्राप्त शसर्त अनुदान, राजश्व वाँडफाँड, वित्तिय समानिकरण अनुदान एवं सम्भावित राजश्व समेतका आधारमा यस वर्षको कुल बजेट रु.२७,३१,५६,१५७- (छब्विस करोड एकाउन्न लाख छयालिस हजार एक सय सन्ताउन्न) रुपैयाको हुनेछ । जसमध्ये शर्सत अनुदानमा रु ९करोड ६५ लाख । चालुतर्फ जम्मा रु ६ ,८०,००,०००।- (छ करोड असी लाख मात्र ), आर्थीक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन एवं सुशासन तथा संस्थागत विकास समेत गरी पुँजीगत तर्फ रु.१०,८६,५६,१५७-(नौ करोड छयासी लाख छयालिस हजार एक सय सन्ताउन्न मात्र )को सिमा निंधारण गरिएको छ । जसमा वडागत रुपमा बजेट रु ४ करोड २० लाख विनियोजन गरिएको छ । वडामा विनियोजित ४ करोड २० लाख बजेटको ५ प्रतिशत रु २१ लाख वडाको चालु खर्च र वाँकी पुजीगत खर्च गरिनेछ । गाउँपालिकाबाट खर्च गरिने पुँजीगत बजेट रु ६ करोड ८७ लाख रहेको छ । गाउँपालिकाको चालु एवं प्रशासनिक खर्च तर्फ रु ४ करोड १९ लाख रकम विनियोजन गरिएको छ  भने पुँजीगत तर्फको चालु कार्यक्रम तर्फ रु २ करोड ४० लाख विनियोजन भएको छ ।

**निसीखोला गाउँपालिकाका ७ वटा वडामा बजेट विनियोजनका आधारहरुः**

१. गरिबी

२. जनसङ्ख्या

३. भूगोल

४. घरपरिवार

५. पहुँचता

| वडा नं. | गरिवी ( गरिव घरपरिवार पहिचान सर्वेक्षण,२०७०) | जनसङ्ख्या ( संघिय संरचनाको आधारपत्र) | भूगोल ( क्षेत्रफल ) | घरपरिवार( संघिय संरचनाको आधारपत्र) | पहुँचता ( गाउँपालिका केन्द्रबाट दुरी ) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २३३ | ३७३९ | ३ | ७८९ | २ | |
| २ | २११ | ३९१२ | २ | ८२७ | १ | |
| ३ | १५४ | ३१३१ | ३ | ७०४ | २ | |
| ४ | १२० | २७९१ | २.५ | ५९२ | २.५ | |
| ५ | ४०० | ३५२७ | ४ | ७२६ | ३ | |
| ६ | २४९ | ३५४३ | ५ | ७०० | ४ | |
| ७ | १५७ | २६८९ | २.५ | ५५८ | ४ | |
| जम्मा | १५२४ | २३३२५ | २२ | ४८९६ | १८.५ | |

औसत अँक

वडा नं. १.... १४.३७ अंक

वडा नं. ४.... ११.३५ अंक

वडा नं. ५.... १८.११ अंक

वडा नं. २.... १३.०५ अंक

वडा नं. ६.... १८.०२ अंक वडा नं. ३... १२.४६ अंक

वडा नं. ७ ..... १३.२९ अंक

औसत रुपमा एक वडा बरावर रु ६० लाख सिलिङ बनाईएको छ। जसअनुसार प्रत्येक वडामा निम्नबमोजिम बजेट सिलिङ भई आएको छ।

| वडा नं. | चालु तर्फ कूल वडागत बजेटको ५ प्रतिशत | आर्थीक विकास कुल रकमको २० प्रतिशत | सामाजिक विकास कुल रकमको १५ प्रतिशत | पुर्वाधार विकास कुल रकमको ५० प्रतिशत | वातावरण तथा विपद व्यवस्थापन कुल रकमको १०प्रतिशत | सुशासन तथा संस्थागत विकास कुल रकमको ५ प्रतिशत | पूजिगत तर्फ जम्मा रकम कूल वडाको बजेटको ९५ प्रतिशत | जम्मा चालु र पुँजीगत रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रत्येक वडा वडामा | ११ लाख ४० हजार | ८ लाख ५५ हजार | २८ लाख ५० हजार | ५ लाख ७ हजार | २ लाख ८५ हजार | ५७ लाख | |
| २ | ३ लाख | १० लाख २६ हजार | ७ लाख ६९ हजार | २५ लाख ६५ हजार | ५ लाख १३ हजार | २ लाख ५६ हजार | ५१ लाख ३० हजार | |
| ३ | | ९लाख ८८ हजार | ७लाख ४१ हजार | २४ लाख ७० हजार | ४ लाख ९२ हजार | २ लाख ४६ हजार | ४९ लाख ४० हजार | |
| ४ | ३ लाख | ८ लाख ९३ हजार | ६लाख ६९ हजार | २२ लाख ३२ हजार | ४ लाख ४६ हजार | २ लाख २३ हजार | ४४ लाख ६५ हजार | |
| ५ | चालु खर्च | १४ लाख ४४ हजार | १० लाख ८३ हजार | ३६ लाख १० हजार | ७ लाख २२ हजार | ३ लाख ६१ हजार | ७२ लाख २० हजार | |
| ६ | | १४ लाख | १० लाख ६८ हजार | ३५ लाख ६२ | ७ लाख १२ हजार | ३ लाख ५६ हजार | ७१ लाख २५ हजार | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २५ हजार | | हजार | | | | |
| ७ | | १० लाख ४५ हजार | ७ लाख ८३ हजार | २६ लाख १२ हजार | ५ लाख २२ हजार | २ लाख ६१ हजार | ५२ लाख २५ हजार | |
| जम्मा | २१ लाख | ७९ लाख ६१ हजार | ५९ लाख ६८ हजार | *१ करोड ९९ लाख* | ३९ लाख १४ हजार | १९ लाख ८८ हजार | ३ करोड ९९ लाख | ४ करोड २० लाख झण्डै |
| गाउँपालिका तर्फ | ६ करोड ५९ लाख ( ४ करोड १९ लाख रुपैंया प्रशासनिक खर्च र रु २ करोड ४० लाख पुँजीगत चालु कार्यक्रम समेत गरी ) | | | | | | ६ करोड ८७ लाख | १३ करोड ४६ लाख |
| वडा तथा गाउँपालिका समेत जम्मा | ६ करोड ८० लाख( चालु तर्फ जम्मा रु ४ करोड ४० लाख र पुजीगत तर्फको चालुमा रु २ करोड ४० लाख) | | | | | | १० करोड ८६ लाख | १७ करोड ६६ लाख |

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | पुंजीगत तर्फको चालु खर्च | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| १ | | गाउँकार्यपालिका | ४,१९,०० | ६,८७,००० | २,४०,००० | १३,४६,०० |
| २ | | वडा समिति | २१,०० | ३,९९,००० | | ४,२०,०० |
| ३ | | सशर्त अनुदान (शिक्षा,स्वास्थ) | | | | ९,६५,०० |
| ४ | | गाउँपालिका | ४,४०,०० | १०,८६,००० | २,४०,००० | २७,३१,०० |